कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

माननीय मन्त्रीज्युः ०८३-५२४६४०
सचिवज्युः ०८३-५२५६१२
स्वास्थ्य महाशाखाः ०८३-५२२५६४
प्रशासन शाखाः ०८३-५२३६७२
लेखा शाखाः ०८३-५२१७१२
इमेलः mosdsurkhet@gmail.com
healthdivision.mosdkarnali@gmail.com

## कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवको सिफारिसका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०८२।०८।०९ गते)

प्रस्तुत विषयमा कर्णाली प्रदेश खेलकुद विकास ऐन २०७६ को दफा १२ को उपदफा १ बमोजिम गठित सिफारिस समितिले कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिव छनौट गरी सिफारिस गर्नुपर्ने भएकोले देहायको योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८२ मंसिर २३ गतेसम्म) सामाजिक विकास मन्त्रालय, युवा तथा खेलकुद महाशाखामा कार्यालय समयभित्र संलग्न ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क. <u>योग्यता र अनुभव:</u> कर्णाली प्रदेश खेलकुद परिषद्को सदस्य सचिव पदमा नियुक्तिका लागि कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ तथा कर्णाली प्रदेश खेलकुद परिषद्को सदस्य सचिव नियुक्ति सम्बन्धी मापदण्ड, २०८२ बमोजिम देहायको योग्यता र अनुभव हासिल गरेको हुनु पर्नेछ ।

१. नेपाली नागरिक,
२. कर्णाली प्रदेशको स्थायी बासिन्दा भएको,
३. पच्चीस वर्ष उमेर पूरा भएको,
४. नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको, (यदि वैदेशिक शिक्षण संस्थाबाट अध्ययन गरेको भएमा समकक्षताको प्रमाण पत्र समेत)
५. खेलकुदका क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव प्राप्त भएको,
६. प्रचलित कानूनले अयोग्य नभएको

ख. <u>दरखास्तसाथ पेश गर्नुपर्ने कागजात:</u> उम्मेदवारले यसैसाथ संलग्न दरखास्त फाराम साथ देहायका कागजातहरुको प्रतिलिपि स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

१. नेपाली नागरिकताको प्रतिलिपि
२. कर्णाली प्रदेशमा बसाइ सराइँ गरी आएको भएमा सोको प्रमाणपत्रको प्रतिलिपि
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (सो भन्दा माथिल्लो योग्यता भए सो समेतको)
४. राष्ट्रिय तथा अन्तराष्ट्रियरुपमा खेलकुद क्षेत्रमा कम्तीमा ५ वर्ष अनुभव खुल्ने कागजातको प्रतिलिपि (सो भन्दा बढी अवधिको कार्य अनुभव भए सो समेत)
५. राष्ट्रिय खेलकुदमा सहभागि भई पदक हासिल गरेको भए सो सम्बन्धी प्रमाण तथा अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाएको वा पदक हासिल गरेको भए सो सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि

ग. <u>सेवा शर्त र सुविधा:</u> कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ बमोजिम हुनेछ ।

घ. <u>छनौटका आधार:</u> कर्णाली प्रदेश खेलकुद परिषद्को सदस्य सचिव सिफारिस सम्बन्धी मापदण्ड, २०८२ बमोजिम हुनेछ ।

ङ. <u>दरखास्त रद्द हुने:</u> कुनै उम्मेदवारले यो सूचना बमोजिमका कागजात झुटा पेश गरेको वा सबै कागजात पेश नगरेको पाइएमा निजको दरखास्त जुनसुकै समयमा रद्द गरिनेछ ।

(जवाहरलाल कमौल)
उपसचिव
नि. प्रदेश सचिव

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कर्णाली खेलकुद विकास परिषद्को सदस्य सचिव नियुक्तिका लागि दरखास्तको ढाँचा

श्रीमान् सचिव ज्यू,
सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत ।

विषयः सदस्य सचिव नियुक्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतको मिति २०८२।०८।०९ को सूचना अनुसार कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवमा नियुक्तिका लागि योग्य एवम् इच्छुक रहेकोले तपसिल बमोजिमको कागजात संलग्न राखी स्वयं प्रमाणित गरी यो निवेदन पेश गर्दछु।

तपसिल

१. नाम थरः
२. सम्पर्क नः
३. स्थायी ठेगानाः
(कर्णाली प्रदेशमा बसाइसराइँ गरी आएको भएमा बसाइसराइँको प्रमाणपत्रको प्रतिलिपि संलग्न भएको हुनुपर्नेछ)
४. बुवाको नामः
५. आमाको नामः
६. बाजेको नामः
७. जन्म मितिः
८. शैक्षिक योग्यता
   क. न्यूनतम शैक्षिक योग्यताः
   ख. एक तह माथिको शैक्षिक योग्यताः
९. राष्ट्रिय पदक प्राप्त गरेको विवरण
   क. स्वर्ण पदकः
   ख. रजत पदकः
   ग. कास्यपदकः

नि. प्रदेश सचिव

१०.अन्तर्राष्ट्रिय पदक प्राप्त गरेको विवरण

क. स्वर्ण पदकः

ख. रजत पदक

ग. कास्य पदक

घ. सहभागिता जनाएको प्रमाण :

अनुभव सम्बन्धी विवरण

| क सं | संस्थाको नाम | समयावधि (वर्ष/महिना/दिन) | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

माथि उल्लेख गरिएको विवरण र दरखास्तसाथ पेश गरिएको सबै कागजात साँचो हो। झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम सहने बुझाउने छु।

ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदकको

नाम थरः

स्थायी ठेगानाः

दस्तखतः

मितिः

इमेल ठेगाना :

सम्पर्क मोबाइल नम्बरः

नि. प्रदेश सचिव